# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०७५।१२।१० गते

## प्रेस विज्ञप्ति

### विषय: आरोप-पत्र दायर गरिएको।

---

जिल्ला भोजपुर, षडानन्द नगरपालिका साविक वडा नं.५ र ६ मा विद्युत विस्तार परियोजना अन्तर्गत आर्थिक वर्ष २०७३/०७४ को लागि नगरपालिका अन्तर्गतको बिद्युत विस्तार परियोजनामा विनियोजित रकम अनुसार उक्त विद्युत विस्तार परियोजनाको लागि गठन भएको उपभोक्ता समितिमा संलग्न पदाधिकारीहरूले उक्त योजना सम्पन्न नगरी, कार्य सम्पन्न भएको भनी किर्ते कागजातहरू तयार पारी रकम फरफारक गरी आर्थिक हिनामिना गरेकोले छानविन गरी कारबाही गरीपाउँ भन्ने व्यहोराको उजुरी सम्बन्धमा अनुसन्धान हुँदा उक्त बिद्युत विस्तार परियोजनाको लागि गठन भएको उपभोक्ता समितिमा संलग्न पदाधिकारीहरूले कार्य सम्पन्न गर्नुपर्ने शर्तसहित सम्झौतापत्रमा हस्ताक्षर गरी सम्झौता अनुसार विद्युत विस्तार योजना लागत इस्टिमेट अनुसार योजनाको काम सम्पन्न नगरी १७ प्रतिशत मात्र काम सम्पन्न भएको अवस्थामा कार्य सम्पन्न भएको भनी झुट्टा प्रतिवेदन बनाई योजनाको कुल लागत रकम रू.५८,७०,०००।-(अन्ठाउन्न लाख सत्तरी हजार) बाट रू.२९,७४,४९१।१४ (उनान्तिस लाख चौहत्तर हजार चार सय एकानब्बे रूपैयाँ चौध पैसा) को मात्र काम गरी उक्त झुट्टा बिल भर्पाईको आधारमा काम गरेको भन्दा बढी रू.२८,९५,५०८।८६ (अठ्ठाईस लाख पन्चानब्बे हजार, पाँच सय आठ रूपैयाँ छयासी पैसा) निकासा गर्ने तथा भुक्तानी समेत दिई आफू र अन्य व्यक्तिलाई गैरकानूनी लाभ पुऱ्याउने बदनियतसाथ नेपाल सरकारलाई गैरकानूनी हानि पुऱ्याउने कार्य गरेको देखिंदा उक्त कार्यमा संलग्न देहाय बमोजिमका व्यक्तिहरू उपर देहाय बमोजिमको सजायको मागदाबी लिई आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

| सि.न | नामथर | दर्जा | कार्यालय | बिगो | सजाय मागदावी |
|---|---|---|---|---|---|
| १ | जयनारायण खनाल | तत्कालीन नि.प्रशासकीय प्रमुख | षडानन्द नगरपालिकाको कार्यालय, भोजपुर | रू.२८,९५,५०८।८६ | भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ८ को उपदफा(१) र दफा ८ को उपदफा (१) को देहाय (ग) र (ङ) बमोजिमको कसुरमा सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम सजाय हुन मागदावी |
| २ | संतोष श्रेष्ठ | तत्कालीन लेखा अधिकृत | ,, | ,, | ,, |
| ३ | विमलमान राई | इन्जिनियर | ,, | ,, | ,, |
| ४ | महेश कार्की | असिस्टेण्ट सव इन्जिनियर | ,, | ,, | ,, |
| ५ | मणिराम तामाङ | शिक्षा अधिकृत (वि.नि) | षडानन्द न.पा दिङ्ला, भोजपुर | रू.१८,६८,०००।- | ,, |
| ६ | किशोर किरांत | अनुगमन समितिका सदस्य तथा वडा अध्यक्ष | षडानन्द न.पा वडा नं.८ | रू.२८,९५,५०८।८६ | भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ८ को उपदफा(१) र दफा ८ को उपदफा (१) को देहाय (ग) र (ङ) बमोजिमको कसुरमा सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम सजाय हुन मागदावी |

| सि.न | नामथर | दर्जा | कार्यालय | बिगो | सजाय मागदावी |
| --- | --- | --- | --- | --- | --- |
| ७ | फूर्वा तामाङ | अध्यक्ष | विद्युत विस्तार योजना उपभोक्ता समिति | रू.२८,९५,५०८।८६ | भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ८ को उपदफा (४) बमोजिमको कसुरमा सोही ऐनको दफा ८ को उपदफा (४) बमोजिम सजाय हुन मागदावी |
| ८ | राजेन्द्र राई | सचिव | ,, | ,, | ,, |
| ९ | ज्ञानु माया तामाङ (श्रेष्ठ) | कोषाध्यक्ष | ,, | ,, | ,, |
| १० | हेम कुमार श्रेष्ठ | संयोजक | ,, | ,, | ,, |

(प्रदीपकुमार कोइराला)
प्रवक्ता